# पाठ्यक्रम निर्दिष्ट भाषिक सिप सन्तुलनका दृष्टिले कक्षा नौको "नेपाली" मा प्रयुक्त नमुना अभ्यास

**दिनेश घिमिरे (पिएचडी)**
उपप्राध्यापक, नेपाली शिक्षा
शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर
Email: dinesh.ghimire@cded.edu.np

***लेखसार***

*प्रस्तुत लेख भाषिक सिप सन्तुलनका दृष्टिले भाषा पाठ्यपुस्तकको विश्लेषणमा केन्द्रित छ । यसमा माध्यमिक शिक्षा पाठ्यक्रम (२०७७) अनुरूपताका दृष्टिले कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तकका अभ्यासात्मक प्रश्नहरूलाई गुणात्मक अध्ययन ढाँचाअन्तर्गत विषयवस्तु विश्लेषण विधि अवलम्बन गरी सम्पन्न गरिएको छ । यस अध्ययनमा नमुना अभ्यासको प्रस्तुतिमा भाषिक सिपगत एकीकृतताको ख्याल गरिएको, भाषिक सिपगत आधारमा क्रमशः पढाइ, लेखाइ, बोलाइ र सुनाइ सिपका प्रश्नमा जोड दिइएको, पाठ्यक्रम अनुरूपताका आधारमा पर्याप्त र उपयुक्त रहेको तर सिकाइ तहका आधारमा निम्न अनुक्रम चिन्तन तहका ७४ प्रतिशत र उच्च अनुक्रम चिन्तन तहका २६ प्रतिशत मात्र प्रश्नहरू रहनुबाट सन्तुलित प्रयोग नभएको निष्कर्षमा पुगिएको छ । पाठ्यपुस्तकको नमुना अभ्यासमा पाठ्यक्रममा उल्लेख भए झैँ सिपगत आधारमा प्रश्नहरूलाई अलग अलग राख्दा अनि सिकाइ तहगत सन्तुलित प्रयोगमा ध्यान दिँदा अझ प्रभावकारी हुने देखिन्छ ।*

**शब्दकुञ्जी** : नमुना अभ्यास, अभ्यासात्मक प्रश्न, भाषिक सिप, पाठ्यक्रम अनुरूपता, टेक्सोनोमी

## विषय प्रवेश

भाषा पाठ्यपुस्तकमा नमुना अभ्यासको सर्वोपरि महत्त्व रहन्छ । पाठ्यपुस्तकका नमुना अभ्यासमा समावेश भएका अभ्यासात्मक प्रश्नका सहायताले भाषिक सिप विकास गर्ने अपेक्षा राखिएको हुन्छ । नमुना अभ्यासका प्रश्नहरू पाठ्यक्रमका विशिष्ट उद्देश्यमा आधारित भए मात्र तिनबाट पाठ्यक्रमका मर्महरू पूरा हुने अपेक्षा राख्न सकिन्छ । तसर्थ पाठ्यक्रमका सिकाइ उपलब्धिहरूको प्रत्यक्ष सम्बन्ध अभ्यासात्मक प्रश्नहरूमा रहने हुँदा उक्त प्रश्नहरू पाठ्यक्रमअनुरूप, सन्तुलित र प्रभावकारी हुनु पर्दछ । हालसम्म नेपाली भाषा पाठ्यपुस्तकका समग्र विशेषताका आधारमा सीमित अध्ययनहरू भएका पाइए पनि अभ्यासात्मक प्रश्नहरूको भाषिक सिपगत र ब्लुम

टेक्सोनोमीको सान्दर्भिकताका आधारमा पर्याप्त मात्रामा अध्ययन अनुसन्धानहरू भएका पाइँदैनन् । यस स्थितिमा नेपाली भाषा पाठ्यपुस्तकमा प्रस्तुत नमुना अभ्यास के कस्ता छन् भन्ने विषयबारे अनुसन्धेय जिज्ञासा उठ्नु स्वाभाविकै हो । अझ भनौँ, ब्लुम टेक्सोनोमीका निम्न र उच्च अनुक्रम चिन्तन तहका आधारमा पाठ्यपुस्तकका अभ्यासात्मक प्रश्नहरूको अध्ययन नेपालीका सन्दर्भमा नवीन विषय भएकाले अनुसन्धान यसतर्फ प्रवृत्त गराइएको हो । तसर्थ विद्यार्थीमा अपेक्षित सिकाइ हासिल हुने आधार भनेकै अभ्यासात्मक प्रश्नहरू हुन् । त्यस्ता प्रश्नहरू सिपगत र सिकाइ तहगत आधारमा सन्तुलित हुनु पर्छ भन्ने कुरा मनन गरी यस अध्ययनमा कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकका नमुना अभ्यासमा समावेश भएका प्रश्नहरूको विश्लेषण गर्ने प्रयत्न भएको छ ।

## अनुसन्धान उद्देश्य

यस अनुसन्धानात्मक लेखका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) भाषिक सिपगत आधारमा कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकका अभ्यासात्मक प्रश्नहरू केलाउनु

(ख) पाठ्यक्रमअनुरूप परिमार्जित ब्लुम टेक्सोनोमीका सिकाइ तहका आधारमा उक्त प्रश्नहरूको विश्लेषण गर्नु ।

## पूर्वअध्ययनहरूको पुनरावलोकन

Candlin (1984, as in Nguyen, 2015), Mizbani and Chalak (2017), Zorluoglu, Kizilaslan, & Yapucuoglu (2020), Ibrahim, Dehham, & Hasan (2021), Tayyeh, Dehham & Muhammed (2021), घिमिरे (२०७६, २०७९क, २०७९ख), गिरी (सन् २०२२) आदिबाट भएका राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका अध्ययन अनुसन्धान सार र माध्यमिक शिक्षा पाठ्यक्रम (२०७७) लाई लेखको सैद्धान्तिक आधारका रूपमा लिइएको छ ।

Candlin (1984, as in Nguyen, 2015) का अनुसार भाषा पाठ्यक्रमका सिकाइ उपलब्धिहरू सिकारु केन्द्रित र भाषिक सिप विकासका लागि प्रभावकारी हुनु पर्दछ । त्यस्तै Mizbani and Chalak (2017) मा पाठ्यपुस्तकका सुनाइ र बोलाइ सिपका सिकाइ उपलब्धिहरू उच्च अनुक्रममा भन्दा निम्न अनुक्रम चिन्तन तहमा बढी केन्द्रित रहेको कुरा उल्लेख छ । Ugur (2019), Zorluoglu, Kizilaslan & Yapucuoglu (2020), Ibrahim, Dehham, & Hasan (2021), Tayyeh, Dehham & Muhammed (2021) आदिका अध्ययनबाट समेत पाठ्यपुस्तकका अभ्यासात्मक प्रश्नहरूमा स्मरण, बुझाइ र प्रयोग तहका प्रश्नहरूकै बाहुल्य रहेको देखिन्छ । त्यस्तै घिमिरे (२०७६), गिरी (सन् २०२२) आदिमा पनि पाठ्यक्रमका सिकाइ उपलब्धि तथा पाठ्यपुस्तकका अभ्यासात्मक प्रश्नहरूमा उच्च तहका प्रश्नको कमी रहेको अनि उक्त प्रश्नहरू सबभन्दा बढी लेखाइ सिपमा केन्द्रित रहेको निष्कर्ष पाइन्छ । घिमिरे (२०७९क) मा नेपाली विषयका प्रश्नपत्रमा उच्च तहका तुलनामा निम्न तहका सिकाइ उपलब्धिहरू बढी रहेको देखिन्छ । भाषिक सिपगत दृष्टिले घिमिरे (२०७९ख)


मा विद्यालय तहका सिकाइ उपलब्धिहरू सन्तुलित रहेको निष्कर्षमा पुगिएको छ । उपर्युक्त अध्ययनहरूका आधारमा हेर्दा विद्यालय तहका नेपाली भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू निम्न अनुक्रम चिन्तन तहमा केन्द्रित रहेका अनि सिपगत दृष्टिले पाठ्यक्रम सन्तुलित देखिए पनि पाठ्यपुस्तक चाहिँ लेखाइ सिपमा बढी केन्द्रित रहेको देखिन्छ ।

## अध्ययन विधि

भाषा पाठ्यपुस्तकका अभ्यासात्मक प्रश्नहरूको विश्लेषणका लागि यस अध्ययनमा गुणात्मक अध्ययन ढाँचाअन्तर्गत विषयवस्तु विश्लेषण (Content Analysis) विधि अवलम्बन गरिएको छ । कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकका नमुना अभ्यासका प्रश्नलाई अध्ययनीय सामग्री छनोट गरी तिनलाई भाषिक सिप र सिकाइ तहगत आधारमा विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ ।

## अध्ययन ढाँचा

प्रस्तुत अध्ययनको विधिशास्त्रीय ढाँचा निम्नानुसार रहेको छ :




## तथ्य सङ्कलन विश्लेषण

कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकको नमुना अभ्यासमा केन्द्रित प्रस्तुत अध्ययनमा त्यसका हरेक पाठमा रहेका नमुना अभ्यासमा भाषिक सिपगत वितरणको पहिचान गरिएको छ । सामग्री सङ्कलनका लागि शब्दभण्डार, बोध र अभिव्यक्ति, भाषिक प्रकार्य, सुनाइ र बोलाइ, भाषिक संरचना र वर्णविन्यास, सिर्जना र परियोजना खण्ड समेटिएको विषयवस्तु विश्लेषण तालिका निर्माण गरेपछि नमुना अभ्यासका प्रश्नहरूलाई विश्लेषण तालिकामा प्रस्तुत गरिएको छ । यस क्रममा नमुना अभ्यासमा रहेका मुख्य प्रश्न र तिनको सिपगत अपेक्षालाई आधार मानिएको छ, प्रश्नभित्रका उपप्रश्नहरूलाई छुट्टै प्रश्न मानिएको छैन । तालिकामा प्रश्नहरूको प्रस्तुतिपश्चात् उक्त प्रश्नहरूलाई भाषिक सिप र परिमार्जित ब्लुम टेक्सोनोमीका निम्न र उच्च अनुक्रम चिन्तन तहका आधारमा वर्गीकरण अनि विश्लेषण गर्ने काम भएको छ । यस क्रममा पहिले पढेको वा सुने, बुझेर जानेको कुरा सम्झेर लेख्ने वा भन्ने खालका प्रश्नलाई स्मरण तहमा, ज्ञानको अर्थबोध गरी

भिन्न वा मौलिक रूपमा अभिव्यक्त दिने खालका प्रश्नलाई बोध तहमा, प्राप्त ज्ञानलाई भिन्न परिस्थितिमा प्रयोग वा उपयोग गर्नुलाई प्रयोग तहमा, सामग्रीलाई विभिन्न अंशमा टुक्र्याउने, सम्बन्ध देखाउने, विस्तार गर्ने आदि खालका प्रश्नलाई विश्लेषण तहमा, सामग्रीको लेखाजोखा गर्ने, निचोड दिने आदि खालका प्रश्नलाई मूल्याङ्कन तहमा र मौलिक रचना, सृष्टि, उत्पादन आदिसँग सम्बन्धित प्रश्नलाई सिर्जना तहमा राखिएको छ । उक्त छओटा सिकाइ तहमध्ये ब्लुम टेक्सोनोमीअनुसार सुरुका तीनओटालाई निम्न अनुक्रम चिन्तन तह र पछिल्ला तीनओटा तहलाई उच्च अनुक्रम चिन्तन तहमा राखेर नतिजाको व्याख्या विश्लेषण गरिएको छ ।

## परिणाम तथा छलफल

सामग्री सङ्कलनपछि प्रश्नलाई तिनका भाषिक सिपगत अपेक्षा र विशेषताहरूका आधारमा केलाइएको छ । त्यसपछि उक्त कक्षाको भाषा पाठ्यक्रममा उल्लेख भएका सिकाइ उपलब्धिहरूका सापेक्षतामा चर्चा गरिएको छ । साथसाथै ब्लुम टेक्सोनोमीका निम्न र उच्च अनुक्रम चिन्तन तहका आधारमा विश्लेषण गरिएको छ । पूर्व अध्ययनका निचोडलाई समेत आधार मानी प्राप्त परिणामको व्याख्या विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ ।

## सिपगत समग्रताका आधारमा प्रश्नहरूको विश्लेषण

कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा सुनाइ र बोलाइ सिपका **८६** ओटा अर्थात् **१८.९४** प्रतिशत, पढाइ सिपका **१९२** ओटा अर्थात् **४२.२९** प्रतिशत र लेखाइ सिपका **१७६** ओटा अर्थात् **३८.७७** प्रतिशत गरी जम्मा **४५४** ओटा प्रश्नहरू समावेश भएका छन् । उक्त कक्षाको नेपाली भाषा पाठ्यक्रममा 'सुनाइ र बोलाइ' सिपका **२२** ओटा, पढाइका **१९** ओटा त्यस्तै लेखाइ सिपका **२१** ओटा सिकाइ उपलब्धिहरू निर्धारण गरिएका छन् । सङ्ख्यात्मक आधारमा हेर्दा पाठ्यक्रममा सुनाइ र बोलाइपछि लेखाइ अनि पढाइ सिपका उद्देश्यहरू रहेकामा पाठ्यपुस्तकमा चाहिँ सबैभन्दा बढी पढाइ सिपका प्रश्नहरू, त्यसपछि लेखाइ सिपका अनि मात्र सुनाइ र बोलाइ सिपका प्रश्नहरू रहेका छन् । सङ्ख्यात्मक दृष्टिले पाठ्यपुस्तकमा पढाइ सिपका प्रश्नहरू बढी देखिएका भए पनि उक्त प्रश्नहरूमध्ये अधिकांशको उत्तर लेखाइ सिपबाट परीक्षण हुने भएकाले पाठ्यपुस्तकमा लेखाइ सिपमा नै बढी जोड दिइएको अनि पढाइ र लेखाइ सिपको एकीकृत विकास गर्ने अपेक्षा रहेको निष्कर्षमा पुगिएको छ । सुनाइ र बोलाइ सिपलाई पनि छुट्टै खण्डमा समावेश गरेर एकीकृत रूपमा सिप विकास गर्ने प्रयास हुनु यस पुस्तकको सबल पक्ष हो ।

## स्तम्भगत समग्रताका आधारमा प्रश्नहरूको विश्लेषण

प्रस्तुत पाठ्यपुस्तकमा नमुना अभ्यासलाई शब्दभण्डार, बोध र अभिव्यक्ति, सुनाइ बोलाइ, भाषा संरचना र वर्णविन्यास, सिर्जना र परियोजना गरी पाँच खण्डमा विभाजन गरेर देखाइएको छ । पाठ्यपुस्तकमा पढाइ सिपको विकास खास गरी शब्दभण्डार तथा बोध खण्डबाट, लेखाइ सिपको विकास अभिव्यक्ति, सिर्जना, भाषिक संरचना खण्डबाट अनि सुनाइ र बोलाइ सिप विकास सुनाइ र बोलाइ खण्डका प्रश्नहरूबाट गराउन खोजिएको छ । यस पुस्तकमा सुनाइ र बोलाइ सिपलाई

एकीकृत रूपमा छुट्टै शीर्षक दिएर प्रस्तुत गरिएको छ भने अन्य खण्डमा समावेश भएका प्रश्नहरूबाट पनि लेखाइ र पढाइ सिप विकास गर्न खोजिएको छ, जुन कुरा सह्रानीय छ ।

पाठ्यपुस्तकका नमुना अभ्यासमा भाषिक सिप सन्तुलनका आधारमा हेर्दा शब्दभण्डार खण्डअन्तर्गत सुनाइ र बोलाइ सिपका ७ ओटा प्रश्न, पढाइ सिपका ४६ ओटा प्रश्न र लेखाइ सिपका ६ ओटा प्रश्न गरी जम्मा ५९ ओटा प्रश्नहरू रहेका छन् । त्यस्तै बोध र अभिव्यक्ति खण्डअन्तर्गत सुनाइ र बोलाइका १६ ओटा प्रश्न, भाषिक प्रकार्यसम्बद्ध १४ ओटा प्रश्न गरी सुनाइ र बोलाइ सिपका ३० ओटा प्रश्न, शब्दोच्चारणसँग सम्बन्धित पढाइ सिपका १६ ओटा र पढाइ सिपकै अन्य ८० ओटा प्रश्न गरी ९६ ओटा प्रश्नहरू रहेका छन् । साथै लेखाइ सिपका जम्मा ८३ ओटा प्रश्न गरी यस खण्डमा जम्मा २०९ ओटा प्रश्नहरू रहेका छन् । त्यसै गरी सुनाइ र बोलाइ खण्डअन्तर्गत सुनाइ र बोलाइ सिपका ३१ ओटा प्रश्न र लेखाइ सिपका २ ओटा प्रश्न गरी जम्मा ३३ ओटा प्रश्नहरू रहेका छन् । भाषिक संरचना र वर्णविन्यासअन्तर्गत सुनाइ र बोलाइ सिपका ६ ओटा प्रश्न, पढाइ सिपका ५० ओटा र लेखाइ सिपका ६५ ओटा प्रश्न गरी १२१ ओटा प्रश्नहरू रहेका छन् । सिर्जना र परियोजना खण्डअन्तर्गत सुनाइ र बोलाइका १२ ओटा प्रश्न र लेखाइका २० ओटा प्रश्न गरी जम्मा ३२ ओटा प्रश्नहरू समावेश भएका छन् ।

यसरी समग्रमा यस पुस्तकका नमुना अभ्यासमा शब्दभण्डारका ५९ ओटा, बोध र अभिव्यक्ति खण्डका २०९ ओटा प्रश्न सुनाइ र बोलाइ खण्डमा ३३ ओटा प्रश्न, भाषिक संरचना र वर्णविन्यास खण्डका १२१ ओटा प्रश्न, सिर्जना र परियोजना खण्डका ३२ ओटा प्रश्नहरू गरी जम्माजम्मी ४५४ ओटा प्रश्नहरू रहेका छन् । यस आधारमा हेर्दा पाठ्यपुस्तकको नमुना अभ्यास कक्षा र तह सुहाउँदो रहेको मान्न सकिन्छ ।

### भाषिक सिपगत आधारमा प्रश्नहरूको विश्लेषण

प्रस्तुत पाठ्यपुस्तकका नमुना अभ्यासमा समावेश भएका प्रश्नहरूलाई शब्दभण्डार, बोध र अभिव्यक्ति, सुनाइ र बोलाइ, भाषिक संरचना र वर्णविन्यास, सिर्जना र परियोजना खण्ड गरी पाँचओटा उपखण्डहरूमा विभाजन गरिएको छ । यस अध्ययनमा उक्त सबै उपखण्डहरूमा भाषिक सिपगत प्रश्नहरूलाई के कसरी व्यवस्थित गरिएको छ भन्ने कुराको खोजी गरिएको छ ।

## सुनाइ र बोलाइ सिप

कक्षा नौको पाठ्यपुस्तकमा सुनाइ र बोलाइ सिपलाई एकीकृत रूपमा राखिएको छ । उक्त खण्डका साथै शब्दभण्डारका अभ्यासमध्ये शब्दार्थबारे छलफल गर्ने, प्राविधिक पारिभाषिक शब्द पहिचान गरी कक्षामा सुनाउने, उखानको अर्थबारे छलफल गर्ने जस्ता प्रश्नहरू बोलाइ सिपसम्बद्ध छन् । बोध र अभिव्यक्ति खण्डअन्तर्गत मौखिक उत्तर भन्ने, सस्वरवाचन गरी छलफल गर्ने, विषयवस्तुबारे छलफल गरी निष्कर्ष सुनाउने, संवादात्मक शैलीमा वाचन गर्ने, चित्र हेरी प्रतिक्रिया दिने, समाचार सुनेर वा पाठमा व्यक्त विचारप्रति प्रतिक्रिया दिने, अनुच्छेदबाट प्रश्न निर्माण र उत्तरबारे छलफल गर्ने आदि जस्ता प्रश्नहरू रहेका छन् । सुनाइ र बोलाइअन्तर्गत हरेक पाठमा सुनाइ सामग्री समावेश गरिएको छ । उक्त पाठ सुनी मौखिक उत्तर भन्ने, खाली ठाउँ भर्ने,

अनुभव वर्णन गर्ने, विषयवस्तुप्रति आफ्नो विचार दिने, तर्क गर्ने, पुष्टि गर्ने आदि जस्ता प्रश्नहरू समावेश गरिएका छन् । त्यस्तै भाषिक प्रकार्यअन्तर्गत विनम्रता प्रकट गर्ने, अनुभव वर्णन गर्ने, छलफल गरी निष्कर्ष पहिचान गर्ने, मन्तव्य प्रकट गर्ने, सोधपुछ गर्ने आदि जस्ता प्रश्नहरू रहेका छन् । भाषिक संरचना र वर्णविन्यासअन्तर्गत छलफल र पहिचान गर्ने, शब्दको बनोटबारे छलफल गर्ने खालका प्रश्नहरू रहेका छन् । सिर्जना परियोजना खण्डअन्तर्गत अधिकांश परियोजनामूलक प्रश्नहरू बोलाइ सिप विकास गर्ने खालका छन् । उक्त खण्डमा कथा, कविता, निबन्ध आदि जस्ता साहित्यिक रचना खोजी कक्षामा सुनाउने, सूचना खोजेर सुनाउने खालका प्रश्नहरू समावेश भएका छन् । समग्रमा भन्दा सुनाइ, बोलाइ सिपसम्बद्ध प्रश्न सुनाइ र बोलाइ खण्डअन्तर्गत राखिएका छन्, साथै भाषिक प्रकार्यसँग सम्बन्धित अधिकांश प्रश्न पनि बोलाइ सिपसम्बद्ध नै रहेका छन् । त्यस्तै बोध र अभिव्यक्ति तथा भाषिक संरचना र वर्णविन्यास खण्डमा पनि यस्ता प्रश्नहरू रहेकाले सुनाइ र बोलाइ सिप विकासका दृष्टिले पाठ्यपुस्तक उपयुक्त रहेको देखिन्छ । पाठ्यपुस्तकमा रहेका उक्त प्रश्नमध्ये केहीलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

**(क) कक्षा छलफल र निष्कर्ष (पृ. ४१)**

८. **तपाईंको समाजमा आइपरेका सामाजिक समस्याबारे छलफल गरी निष्कर्ष कक्षामा सुनाउनुहोस् ।**

**(ख) भाषिक प्रकार्य (पृ. १७५)**

१६. **दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :**

सुरेन्द्र पहिलो पटक विमानस्थल पुगेको थियो । ऊ जहाज चढेर काठमाडौँबाट पोखरा जाँदै थियो । उसलाई विमानस्थलमा गर्नुपर्ने कामबारे केही थाहा भएन । उसले त्यहाँ रहेका सुरक्षाकर्मीलाई सोध्यो । त्यसपछि ऊ सोधपुछ कक्षमा पुग्यो । उसले टिकट जाँचस्थल, झोला पहिचान गर्ने र राख्ने ठाउँ, उडान समय, प्रतीक्षालय आदि सबै कुराको जानकारी त्यहाँबाट पायो । आफूलाई आवश्यक परेका सबै जानकारी पाएपछि ऊ ढुक्क भयो ।

**तपाईं नयाँ ठाउँमा जाँदा बाटो भुलेर अलमलमा पर्नुभयो भने कसरी अरूसँग सोधपुछ गर्नुहुन्छ, कक्षामा प्रस्तुत गर्नुहोस् ।**

**(ग) समाचार सुनी प्रतिक्रिया (पृ. ९९)**

११. **रेडियो, टेलिभिजनमा प्रसारित विकास निर्माणसम्बन्धी समाचार सुनी त्यसबारे आफूलाई लागेको कुरा कक्षामा प्रस्तुत गर्नुहोस् ।**

यसरी माथि उल्लेख भएका प्रश्नका प्रकारका आधारमा कक्षा नौको वर्तमान नेपाली भाषा पाठ्यक्रममा रहेका सुनाइ र बोलाइ सिपसम्बद्ध शब्दको शुद्ध र स्पष्ट उच्चारण गर्न; मौखिक वर्णन गर्न; मौखिक प्रतिक्रिया व्यक्त गर्न; कथा, कविता जस्ता सामग्री सङ्कलन गरी सुनाउन; घटना, परिवेश, चरित्र, भाव आदिबारे छलफल र प्रश्नोत्तर गर्न; पाठ सुनी प्रश्न निर्माण गर्न; समूह छलफलमा सहभागी भई तार्किक विचार प्रस्तुत गर्न; परिवेशअनुरूप दोहोरो सञ्चार गर्न; औपचारिक रूपमा शिष्टतापूर्वक अभिव्यक्ति दिन; परिवेशअनुसार विचार प्रस्तुत गर्न, सन्दर्भ ख्याल गरी मौखिक अभिव्यक्ति दिन, उत्तर पहिचान गर्न; शब्दको अर्थबोध गरी वाक्य रचना गर्न,

सन्दर्भअनुसार उखान, टुक्का, युक्ति, निपात र अनुकरणात्मक शब्द र पारिभाषिक शब्द प्रयोग गर्न; व्यक्तिवृत्त वर्णन गर्न, विषयवस्तु, समाचार र कार्यक्रम आदि सुनेर धारणा निर्माण गर्न, तर्क, अनुमान र तुलना गर्न जस्ता सिकाइ उपलब्धिहरू विद्यार्थीमा हासिल हुने देखिन्छ । त्यस्तै यस पुस्तकमा सुनाइ र बोलाइ सिपसम्बद्ध प्रश्नहरू पर्याप्त र उपयुक्त समेत रहेको देखिन्छ ।

## पढाइ सिप

विश्लेष्य पाठ्यपुस्तकको नमुना अभ्यासमा पढाइ सिपसम्बद्ध प्रश्नहरू खास गरी शब्दभण्डार तथा बोध र अभिव्यक्ति खण्डअन्तर्गत रहेका छन् । तीमध्ये सबैभन्दा बढी बोध र अभिव्यक्ति खण्ड त्यसपछि भाषा संरचना र वर्णविन्यास तथा शब्दभण्डार खण्डमा रहेका छन् । सुनाइ र बोलाइ तथा सिर्जना परियोजना खण्डमा भने यस्ता प्रश्नहरू समावेश भएका छैनन् । सामग्री पठनपछि मौखिक तथा लिखित प्रतिक्रिया दिने, बोध उत्तर लेख्ने खालका छोटा र स्मरणमूलक अभ्यासहरू पढाइ सिपमा नै आधारित रहने हुनाले यस अध्ययनमा पढाइ सिपसम्बद्ध प्रश्नका रूपमा लिइएको छ । शब्दभण्डार खण्डअन्तर्गत पाठ पढी शब्दार्थ पहिचान गर्ने, जोडा मिलाउने, पर्यायवाची र विपरीत अर्थ दिने शब्द खोज्ने, खाली ठाउँ भर्ने, वाक्यमा प्रयोग गर्ने, शब्द स्रोत पहिचान गर्ने आदि खालका प्रश्नहरू रहेका छन् । बोध र अभिव्यक्ति खण्डअन्तर्गत शब्दको शुद्ध उच्चारण गर्ने, गद्य–पद्य सामग्री मौन तथा सस्वर वाचन गर्ने, भनाइको वक्ता पहिचान गर्ने, बोध प्रश्नोत्तर गर्ने, घटना–मिति पहिचान गर्ने, घटना टिपोट गर्ने, गद्य–पद्यमा रूपान्तर गर्ने, बुँदा टिपोट गर्ने, अर्थ पहिचान गर्ने, अनुच्छेद पढी प्रश्न निर्माण गर्ने आदि खालका प्रश्नहरू रहेका छन् । भाषा संरचना र वार्णविन्यास खण्डमा पाठ पढी शब्दवर्ग पहिचान गर्ने, धातु र क्रिया पहिचान गर्ने, शब्दस्रोत पहिचान गर्ने, कारक तथा विभक्ति पहिचान गर्ने, उद्देश्य र विधेय पहिचान गर्ने, ठिक बेठिक पहिचान गर्ने, दिइएको सन्दर्भ पढ्ने, पढेर आशय बुझ्ने आदि प्रकारका प्रश्नहरू रहेका छन् । यसरी प्रस्तुत पुस्तकका नमुना अभ्यासमा पढाइ सिपका प्रश्नहरूमा विविधता र पर्याप्तता पाइन्छ । पाठ्यपुस्तकमा रहेका उक्त प्रश्नमध्ये केहीलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

### (क) घटना परिस्थिति बोध (पृ. १९)

७. **कथामा आएका महिनाभरिको थप कमाइ साढे सात रुपियाँ, माछाको मूल्य सात रुपियाँ के.जी, एक रुपियाँ किलो तरकारी जस्ता भनाइबाट कथामा वर्णन गरिएको समय कति पहिलेको हो, अनुमान गर्नुहोस् ।**

### (ख) घटना मिति पहिचान (पृ. १३६)

७. **दिइएका मितिमा माइकल फेराडेको जीवनमा कुन कुन घटना भएका थिए लेख्नुहोस् :**

सन् १७९१, सन् १८२०, सन् १८३१, सन् १८३३, सन् १८३२, सन् १८६७

### (ग) शब्दोच्चारण (पृ. १७)

१. तल दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :

घृणा, भाषण, स्वास्थ्य, टोकरी, सान्त्वना, गह्वौं, महँगो, ज्यालादारी, विक्रेता

कक्षा नौको नेपाली भाषा पाठ्यक्रममा सस्वर वाचन गर्न; सन्दर्भ र संवेग मिलाई पढ्न, मौन पठन गर्न, भावबोध गर्न सक्ने गरी पढ्न; पाठको अभिप्राय पहिल्याउन सक्ने गरी पढ्न; पाठ पढी सन्देश बोध गर्न; सामग्री रुचिपूर्वक पढी विषयवस्तु बोध गर्न; सन्दर्भ र उद्देश्य बोध गर्ने गरी पढ्न; समाचार बोध गर्न सक्ने गरी पढ्न, अनुमान, निष्कर्ष, सारांश, सन्देश र संश्लेषणको प्रयोजन व्यक्त गर्न सक्ने गरी पाठहरू पढ्न; पाठमा प्रयुक्त भावनात्मक र तार्किक पक्षको पहिचान गर्न सक्ने गरी पढ्न; पाठ पढी प्रश्नोत्तर गर्न; साहित्यिक विधाका पाठमा व्यक्त सन्दर्भका बारेमा प्रतिक्रिया दिन सक्ने गरी पढ्न, विषयवस्तु र ढाँचा बोध गर्न, शब्दभण्डार वृद्धि गर्न, लेख्यचिह्न ख्याल गरी पढ्न आदि जस्ता पढाइ सिप विकास गर्ने सिकाइ उपलब्धिहरू रहेका छन् । यस पाठ्यपुस्तकमा विधागत पाठगत अभ्यासमा उक्त सिकाइ उपलब्धि हासिल हुने खालका प्रश्नहरू रहेकाले नमुना अभ्यासबाट पाठ्यक्रमका अपेक्षित सिकाइ उपलब्धिहरू हासिल हुन सक्ने देखिन्छ ।

## लेखाइ सिप

कक्षा नौको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकका नमुना अभ्यासअन्तर्गत शब्दभण्डार, बोध र अभिव्यक्ति, सुनाइ र बोलाइ, भाषा संरचना र वर्णविन्यास तथा सिर्जना र परियोजना सम्बद्ध प्रश्नहरू सबै खण्डहरूमा समावेश भएका छन् । तीमध्ये सबैभन्दा बढी लेखाइ सिपसम्बद्ध प्रश्नहरू बोध र अभिव्यक्ति खण्डमा रहेका छन् । त्यसपछि भाषिक संरचना र वर्णविन्यास, सिर्जना परियोजना खण्डमा रहेका छन् । यस पाठ्यपुस्तकमा शब्दभण्डार खण्डअन्तर्गत शब्द र कार्यबिच जोडा मिलाउने, वाक्यमा प्रयोग गर्ने, शब्द प्रयोग गरी अनुच्छेद निर्माण गर्ने आदि खालका प्रश्नहरू रहेका छन् । बोध र अभिव्यक्ति खण्डअन्तर्गत सङ्क्षिप्त उत्तर लेख्ने, भाव व्याख्या गर्ने, विवेचनात्मक र समीक्षात्मक उत्तर लेख्ने, विषयवस्तु तुलना गर्ने, तार्किक उत्तर लेख्ने, प्रतिक्रिया लेखन गर्ने, घटना तथा विषयवस्तु वर्णन गर्ने, विभिन्न प्रकारका पत्र रचना गर्ने, बुँदा टिपोट गरी सारांश लेखन गर्ने, संवाद रचना गर्ने, अनुलेखन तथा श्रुतिलेखन गर्ने, मूलभाव तथा सन्देश लेखन गर्ने, अनुच्छेद लेखन गर्ने, परिवेश वर्णन गर्ने, प्रश्न निर्माण र उत्तर लेखन गर्ने, वक्तृता लेखन गर्ने, व्यक्तिगत विवरण तयार पार्ने आदि खालका प्रश्नहरू रहेका छन् । सुनाइ र बोलाइअन्तर्गत सुनेर खाली ठाउँ भर्ने, सुनेर पत्र रचनामा समेट्नुपर्ने विषयवस्तु लेख्ने जस्ता प्रश्नहरू रहेका छन् । भाषिक प्रकार्यअन्तर्गत कृति समीक्षा गर्ने, घटना टिपोट गरी व्यक्तिवृत्त तयार पार्ने खालका प्रश्नहरू रहेका छन् । भाषिक संरचना र वर्णविन्यासअन्तर्गत निर्दिष्ट पदवर्ग पर्ने गरी अनुच्छेद लेख्ने, वर्णविन्यास पहिचान र शुद्ध गरी लेख्ने, निर्दिष्ट क्रियाको प्रयोग गरी पर्वको वर्णन गर्ने, मूल र व्युत्पन्न शब्द प्रयोग गरी अनुच्छेद रचना गर्ने, उपसर्ग प्रत्यय लगाई शब्द निर्माण गर्ने, वाक्यान्तरण गर्ने, पदक्रम तथा पदसङ्गति मिलाई पुनर्लेखन गर्ने, उक्ति तथा वाच्य परिवर्तन गर्ने आदि जस्ता प्रश्नहरू रहेका छन् । सिर्जना र परियोजना खण्डअन्तर्गत सिर्जनासम्बद्ध अधिकांश प्रश्नहरू लेखाइ सिप विकास गर्ने खालका छन् । यस खण्डमा कविता, कथा, निबन्ध आदि रचना

गर्ने, बुँदाका आधारमा कथा तयार पार्ने, चिठी तथा निवेदन लेखन गर्ने, जीवनी तथा संवाद तयार पार्ने, वक्तृता रचना गर्ने आदि खालका प्रश्नहरू रहेका छन् । यसरी प्रस्तुत पाठ्यपुस्तकका नमुना अभ्यासमा लेखाइ सिपसम्बद्ध पर्याप्त प्रश्नहरू रहेका छन् । तीमध्ये अभिव्यक्ति र सिर्जना खण्ड लेखाइ सिप विकासका लागि बढी प्रभावकारी देखिन्छन् । पाठ्यपुस्तकमा रहेका उक्त प्रश्नमध्ये केहीलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

**(क) घटना वर्णन (पृ. १३७)**

११. **माइकल फेराडेले जीवनमा सफलता प्राप्त गरेका मुख्य मुख्य घटना वर्णन गर्नुहोस् ।**

**(ख) पत्र रचना (पृ. ४१)**

७. **नौ कक्षाका विद्यार्थीका तर्फबाट शैक्षिक भ्रमणको प्रबन्ध मिलाइदिन अनुरोध गर्दै विद्यालयका प्रधानाध्यापकलाई लेख्ने निवेदनको नमुना तयार पार्नुहोस् ।**

**(ग) व्यक्तिगत विवरण तयारी (पृ. १३७)**

१३. व्यक्तिवृत्त वा व्यक्तिगत विवरणमा व्यक्तिको नाम, जन्ममिति, आमाबुबाको नाम, जन्मस्थान, सम्पर्क ठेगाना, योग्यता, सेवा वा कार्य गरेको अनुभव, तालिम, प्राप्त गरेका सम्मान तथा पुरस्कार आदि जस्ता व्यक्तिगत सूचना समावेश गरिन्छ । यिनै विषयवस्तु समेटिने गरी आफ्नो व्यक्तिगत विवरण तयार पार्नुहोस् ।

कक्षा नौको नेपाली भाषा पाठ्यक्रममा वर्णविन्यास र लेख्यचिह्न मिलाई लेख्न; श्रुतिलेखन र अनुलेखन गर्न; सूचनात्मक लेखन गर्न, वाक्य सङ्गति मिलाई शुद्धसँग लेख्न; पदवर्ग, काल, पक्ष, भाव, कारक र विभक्ति पहिचान र प्रयोग गरी लेख्न; वाक्य, करण अकरण, वाच्य, प्रेरणार्थक र व्याकरणिक कोटिका आधारमा वाक्य रूपान्तरण गरी लेख्न; कवितालाई व्याकरणिक पदक्रमअनुसार रूपान्तरण गरी लेख्न; भाषिक संरचनाका आधारभूत पक्ष ख्याल गरी लेख्न, घटना र परिवेशका बारेमा सिलसिला मिलाई वर्णन गर्न; पाठमा आधारित भई प्रश्नोत्तर गर्न; सूचना तथा सन्देशमूलक विषयवस्तुका बारेमा प्रतिक्रिया र प्रत्युत्तर लेख्न; पाठ पढेर मुख्य मुख्य विषयवस्तु टिपोट गर्न र सारांश लेख्न, पाठका आधारमा विषयवस्तुको वर्णन, समीक्षा र विश्लेषण गर्न; अर्थपूर्ण, क्रमबद्ध तथा प्रभावकारी रूपमा अनुच्छेद रचना गर्न; विभिन्न विधा तथा पाठमा आधारित भई लिखित रूपमा निर्देशित, स्वतन्त्र र सिर्जनात्मक लेखन गर्न; सन्दर्भ पुस्तक पढेर समीक्षा गर्न; लिखित सामग्रीलाई सम्पादन र पुनः सम्पादन गरी लेख्न; विभिन्न विषयमा विवरणात्मक, वर्णनात्मक, तार्किक, विश्लेषणात्मक र समीक्षात्मक अभिव्यक्ति दिन; निवेदन, चिठी, निमन्त्रणा, शुभकामना, बधाई तथा समवेदना तयार पार्न र विद्युतीय पत्र लेख्न; टिप्पणी, वक्तृता, संवाद र वादविवाद लेख्न; विभिन्न प्रयोजनपरक क्षेत्रका शब्द तथा प्रचलित उखान, टुक्काको सन्दर्भअनुसार अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न जस्ता सिकाइ उपलब्धिहरू लेखाइ सिप विकासमा केन्द्रित छन् । विश्लेष्य पाठ्यपुस्तकका नमुना अभ्यासका प्रश्नहरूमा लिखित सामग्रीको सम्पादन गर्ने एउटा खालको प्रश्नबाहेक अरू प्रकारका प्रश्नहरू समावेश भएकाले लेखाइ सिपसम्बद्ध सिकाइ उपलब्धिहरू हासिल हुन सक्ने देखिन्छ । घिमिरे (२०७९ख)

को निष्कर्षका आधारमा हेर्दा यस तहको पाठ्यक्रमका तुलनामा पाठ्यपुस्तकका अभ्यासात्मक प्रश्नहरूमा सिपगत सन्तुलनको कमी महसुस हुन्छ ।

## उच्च र निम्न अनुक्रम चिन्तन तहको आधार

परिमार्जित ब्लुम टेक्सोनोमीका चिन्तन तहलाई आधार मानेर हेर्दा कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकको नमुना अभ्यासमा रहेका जम्माजम्मी ४५४ ओटा प्रश्नमध्ये शब्दभण्डार खण्डअन्तर्गत रहेका जम्मा ५९ ओटा प्रश्नमध्ये निम्न अनुक्रम चिन्तन तहका ५७ ओटा र उच्च चिन्तन क्रमका २ ओटा प्रश्नहरू रहेका छन् । बोध र अभिव्यक्ति खण्डअन्तर्गत जम्मा २०९ ओटा प्रश्नमध्ये निम्न अनुक्रम चिन्तन तहका १४० ओटा र उच्च चिन्तन तहका ६९ ओटा प्रश्नहरू रहेका छन् । सुनाइ र बोलाइ खण्डअन्तर्गत रहेका जम्मा ३३ ओटामध्ये निम्न अनुक्रम चिन्तन तहका २२ ओटा र उच्च चिन्तन क्रमका ११ ओटा प्रश्नहरू रहेका छन् । भाषिक संरचना र वर्णविन्यास खण्डअन्तर्गत जम्मा १२१ ओटा प्रश्नमध्ये निम्न अनुक्रम चिन्तन तहका १०४ ओटा र उच्च चिन्तन क्रमका १७ ओटा रहेका छन् । सिर्जना र परियोजना खण्डअन्तर्गत जम्मा ३२ ओटा प्रश्नमध्ये निम्न अनुक्रम चिन्तन तहका १३ ओटा र उच्च चिन्तन क्रमका १९ ओटा प्रश्नहरू रहेका छन् । यस तथ्यबाट विश्लेष्य पाठ्यपुस्तकमा निम्न अनुक्रम चिन्तन तहका ३३६ ओटा अर्थात् ७४ प्रतिशत र उच्च अनुक्रम चिन्तन तहका ११८ ओटा अर्थात् २६ प्रतिशत प्रश्नहरू रहेको कुरा उजागर भएको छ । यस दृष्लि हेर्दा नेपालीका पाठ्यपुस्तकका अभ्यासात्मक प्रश्न सिकाइ तहको आधारमा सन्तुलित देखिँदैनन् । सामान्यतया स्मरण, बुझाइ, प्रयोग जस्ता निम्न अनुक्रम चिन्तन तहका प्रश्नहरू ६० प्रतिशत अनि विश्लेषण, मूल्याङ्कन र सिर्जना जस्ता उच्च चिन्तन तहका ४० प्रतिशत प्रश्नहरू समावेग गर्नु उपयुक्त हुने कुरालाई आधार मान्दा पाठ्यपुस्तकमा उच्च अनुक्रम चिन्तन तहका प्रश्नहरू थप गर्नु पर्ने देखिन्छ । Ugur (2019), घिमिरे (२०७९क) आदिलाई आधार मान्दा पनि यस पुस्तकका अभ्यासात्मक प्रश्नहरूमा उच्च अनुक्रम चिन्तन तहका प्रश्नहरूको कमी रहेको महसुस हुन्छ ।

## निष्कर्ष

कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा शब्दभण्डार तथा बोध प्रश्नहरूबाट पढाइ सिपको विकास गर्न खोजिएको छ । यसमा अभिव्यक्ति, सिर्जना, भाषिक संरचना आदि खण्डबाट लेखाइ सिपको परीक्षण अनि सुनाइ र बोलाइ खण्डका प्रश्नहरूबाट सुनाइ, बोलाइ सिप विकास गराउन खोजिएको देखिन्छ । सुनाइ र बोलाइलाई छुट्टै खण्डमा समावेश गरेर सिप विकास गर्न खोज्नु यसको सबल पक्ष हो । नमुना अभ्यासका प्रश्नहरूमा सङ्ख्यात्मक दृष्टिले पाठ्यपुस्तकमा पढाइ सिपका प्रश्नहरू बढी देखिएका भए पनि उक्त प्रश्नहरूमध्ये अधिकांशको उत्तर लेखाइ सिपबाट परीक्षण हुने भएकाले पाठ्यपुस्तकमा लेखाइ सिपमा नै बढी जोड दिइएको अनि पढाइ र लेखाइ सिपको एकीकृत विकास गर्ने अपेक्षा राखिएको छ भन्ने निष्कर्षमा पुगिएको छ । सुनाइ र बोलाइ सिपसम्बद्ध प्रश्न खास गरी सुनाइ र बोलाइ खण्डअन्तर्गत राखिएका भए पनि भाषिक प्रकार्यका अधिकांश प्रश्न अनि बोध र अभिव्यक्ति तथा भाषिक संरचना र वर्णविन्यास खण्डमा पनि यस्ता प्रश्नहरू रहेकाले सुनाइ र बोलाइ सिप विकासका दृष्टिले पाठ्यपुस्तकको नमुना अभ्यास उपयुक्त

रहेको देखिन्छ । त्यस्तै पढाइ सिपसम्बद्ध प्रश्नहरू सबैभन्दा बढी बोध र अभिव्यक्ति खण्ड त्यसपछि भाषा संरचना र वर्णविन्यास तथा शब्दभण्डार खण्डमा रहेका छन् । सुनाइ र बोलाइ तथा सिर्जना परियोजना खण्डमा भने यस्ता प्रश्नहरू समावेश भएका छैनन् । तथापि नमुना अभ्यासमा पढाइ सिपका प्रश्नहरू विविधता र पर्याप्तता दुवै दृष्टिले उपयुक्त देखिन्छन् । नमुना अभ्यासमा लेखाइ सिपसम्बद्ध प्रश्नहरू पनि पर्याप्त र लेखाइ सिप विकासका लागि प्रभावकारी देखिन्छन् । अझ खास गरी अभिव्यक्ति र सिर्जना खण्ड लेखाइ सिप विकासका लागि बढी प्रभावकारी देखिन्छन् । प्रश्न सङ्ख्याका आधारमा सबैभन्दा बढी लेखाइ सिपसम्बद्ध प्रश्नहरू बोध र अभिव्यक्ति खण्डमा, त्यसपछि भाषिक संरचना र वर्णविन्यास अनि सिर्जना परियोजना खण्डमा रहेका छन् ।

पाठ्यक्रम अनुरूपताका आधारमा हेर्दा प्रस्तुत पाठ्यपुस्तकका नमुना अभ्यासमा समावेश भएका सुनाइ र बोलाइ, पढाइ तथा लेखाइ सिपसम्बद्ध प्रश्नहरूले पाठ्यक्रमका अधिकांश सिकाइ उपलब्धिहरूको प्रतिनिधित्व गरेका छन् । त्यस्तै पढाइ तथा लेखाइ सिपका प्रश्नहरू पनि पर्याप्त रहेको देखिन्छ । कक्षामा तिनको प्रभावकारी अभ्यास हुन पाएमा लेखाइ सिप सहजै हासिल हुने देखिन्छ । समग्रमा सिपगत सन्तुलन र पाठ्यक्रम अनुरूपता दुबै आधारमा विश्लेष्य पाठ्यपुस्तकको नमुना अभ्यास उपयुक्त रहेको देखिन्छ । पाठ्यक्रममा सिपगत आधारमा सिकाइ उपलब्धिहरू रहेका तर विगतका नेपाली भाषा पाठ्यपुस्तकमा सिपगत आधारमा नमुना अभ्यास रहेकोमा वर्तमान पाठ्यपुस्तकमा तदनुरूप स्पष्ट किटान हुन नसकेकाले उक्त कुरामा पाठ्यपुस्तक लेखक तथा निर्माताहरूको ध्यान जानु पर्ने देखिन्छ ।

विश्लेष्य पाठ्यपुस्तकमा स्मरण, बोध र प्रयोग जस्ता निम्न अनुक्रम चिन्तन तहका ७४ प्रतिशत र विश्लेषण, मूल्याङ्कन र सिर्जना जस्ता उच्च अनुक्रम चिन्तन तहका २६ प्रतिशत मात्र प्रश्नहरू रहनु चिन्तन तहका आधारमा सन्तुलित प्रयोग होइन । तसर्थ उच्च अनुक्रम चिन्तन तहका प्रश्नहरू थप गरी ४० प्रतिशतसम्म पुऱ्याउनु पर्ने देखिन्छ ।

**कृतज्ञता**

प्रस्तुत अध्ययन विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुरको फ्याकल्टी अनुसन्धान अनुदानमा आधारित रहेर गरिएको हुँदा म र मेरो अनुसन्धान समूहका तर्फबाट आयोगप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

## सन्दर्भ ग्रन्थसूची

गिरी, तिलकदेव (सन् २०२२), भाषा पाठ्यक्रममा ब्लुम टेक्सोनोमीको उपयोग, *जर्नल अफ टिकापुर मल्टिपल क्याम्पस,* अङ्क ५, पृपृ. २१६–२३१ ।

घिमिरे, दिनेश (२०७६), *ऐतिहासिक र वर्तमान परिप्रेक्ष्यमा नेपाली भाषा पाठ्यपुस्तक,* (अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध), शिक्षाशास्त्र सङ्काय, डिनको कार्यालय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

घिमिरे, दिनेश (२०७९क), ब्लुम टेक्सोनोमीका आधारमा अनिवार्य नेपाली (कक्षा ११) का प्रश्नपत्र विश्लेषण, *शिक्षाशास्त्र सौरभ,* अङ्क २२, पृपृ. २८–४१ ।

घिमिरे, दिनेश (२०७९ख), परिमार्जित ब्लुम टेक्सोनोमीको अनुरूपताका दृष्टिले विद्यालय तहको नेपाली भाषा पाठ्यक्रम, *द मेगा जर्नल,* अङ्क २, पृपृ. ८२–१०८ ।

निउरे, ध्रुव प्रसाद (२०६९), *पाठ्यक्रम, योजना र अभ्यास,* (छैठौँ संस्क.), काठमाडौँ : सनलाइट पब्लिकेसन ।

पाठ्यक्रम विकास केन्द्र (२०७७), *माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९–१०),* पाठ्यक्रम विकास केन्द्र, भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०७७), *नेपाली (कक्षा ९),* पाठ्यक्रम विकास केन्द्र, भक्तपुर ।

Anderson, L. W., & Krathwohl, D. R., (Ed.). Airasian, P.W., Cruikshank, K.A., Mayer, R.E., Pintrich, P.R., Raths, J., & Wittrock, M.C. (2001). *A taxonomy for learning, teaching, and assessing: A revision of Bloom's Taxonomy of educational objectives.* New York, New York: Longman.

Bloom, B., Englehart, M. Furst, E., Hill, W., & Krathwohl, D. (1956). *Taxonomy of educational objectives: The classification of educational goals.* Handbook I: Cognitive domain. New York, Toronto: Longmans, Green.

Ibrahim, A. S., Dehham, S. H., Hasan, Abd A.N. (2021). *Evaluating Reading Activities Of Intermediate Grade-1 (English For Iraq Textbook) For In The Light Of Higher-Order Thinking Skills.* Turkish Journal of Computer and Mathematics Education. Vol.12 No. 7, pp. 2809-2816

Krathwohl, D.R. (2002). A Revision of **Bloom's** Taxonomy: An Overview. *Theory into practice.* Volume 41, Number 4, The College of Education. Ohio State University.

Mizbani, M. and Chalak, A. (2017). Analyzing listening and speaking activities of Iranian EFL textbook prospect 3 through Bloom's Revised Taxonomy. *Advances in Language and Literary Studies.*Vol. 8 No. 3. URL: http://dx.doi.org/10.7575/aiac.alls.v.8n.3p.38

Ugur, F. (2019). Evaluation of Activities in Secondary School Level Turkish Workbooks According to Types of Memory and Revised Bloom's Taxonomy. *International Education Studies.* Vol. 12, No. 4. pp. 185-197. doi: 10.5539/ies.vl2n4p185.

Zorluoglu, S. L., Kizilaslan, A., & Yapucuoglu- Donmez, M. (2020). Taxonomical analysis of the chemistry curriculum. Cypriot Journal of Educational Science. 15(1), 009–020. https://doi.org/10.18844/cjes.v15i1.3516